# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ३० दिसम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले श्रीहरिकोटाबाट आज राति दुई उपग्रह प्रक्षेपण गर्ने भएको छ।
२. आकाशवाणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आलेलाई आज भव्यताको साथमा बिदाई।
३. गुरुङ समुदायहरुको प्रमुख पर्वको रूपमा मनाइने तमु तोला ल्होछार आज यस अवसरमा जीटीए कार्यपाल तथा गोरामुमो अध्यक्ष लगायतका नेत्रित्वहरुले गर्नुभयो शुभकामना प्रकट
४. खरसाङ बजार लगायत पहाडभरीमा खाना पकाउने एलपीजी ग्यासको अभाव।
५. दार्जिलिङ मोन्टेसरी हाउस अफ चिल्ड्रेनका दुई विद्यार्थीहरु भुपालमा हुने राष्ट्रिय विद्यालय सब जुनियर हकि प्रतियोगिताको निम्ति छनोट ।

**इसरो - स्पेडेक्स**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले श्रीहरिकोटाबाट आज राति दुई उपग्रह प्रक्षेपण गर्ने भएको छ। यी उपग्रहहरूले कक्षामा अन्तरिक्ष यानको डकिंग-अनडकिंग प्रक्रिया देखाउनेछन्। यो प्रक्षेपणसँगै भारत यो उपलब्धि हासिल गर्ने विश्वको चौथो देश बन्नेछ। भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) को प्रक्षेपण यान पीएसएलवी- 60, ले जनवरीको पहिलो हप्तामा दुई उपग्रह एसडीएक्स–०१ र एसडीएक्स–०२ लाई ४७६ किलोमिटरको कक्षमा प्रक्षेपण गर्नेछ। स्प्याडेक्स मिसन भारतको भविष्यको अन्तरिक्ष अन्वेषण प्रयासमा एक महत्वपूर्ण कदम हुनेछ। यी प्रयासहरूमा चन्द्रमाको सतहबाट चट्टान र माटो फिर्ता ल्याउने, प्रस्तावित भारतीय अन्तरिक्ष स्टेशन स्थापना गर्ने र चन्द्रमाको सतहमा अन्तरिक्ष यात्रीहरू अवतरण गर्ने प्रयासहरू समावेश छन्। अहिलेसम्म अमेरिका, रुस र चीनले मात्र अन्तरिक्ष डकिङ प्रविधिमा निपुणता हासिल गरेका छन्। यस मिसनको दोस्रो उद्देश्य स्थापित अन्तरिक्ष यानबीच विद्युतीय ऊर्जाको स्थानान्तरण हो, जुन भविष्यका अनुप्रयोगहरूको लागि आवश्यक छ।

****** ० *****

**पारसचन्द्र**

आकाशवाणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आलेको बिदाई तथा सम्मान समारोह सम्पन्न भएको छ। आकाशवाणी खरसाङको मनोरञ्जन क्लबको आयोजनामा आकाशवाणी खरसाङ परिसरमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिको रुपमा पारसचन्द्र आलेलाई नै राखिएको थियो। उदघोषक विश्व सुब्बा र उदघोषिका अदिती मोक्तानले सञ्चालन गरेको कार्यक्रममा आकाशवाणी खरसाङको विभिन्न विभागहरूबाट गीत, नृत्य, कविता आदि प्रस्तुत गरिएको थियो। यसै कार्यक्रममा आकाशवाणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आलेलाई खदार्पणसहित सम्बर्ध्दना पत्र, स्मृति चिन्ह, जातीय टोपी र शल ओढाएर सम्मान जनाइएको छ भने उपहारहरु पनि प्रदान गरिएको छ। उनी लगायत उनकी पत्नी शशि आलेलाई पनि सम्मान जनाइएको छ। यसको साथै आकाशवाणी खरसाङको विभिन्न विभागहरूबाट पनि सम्मान जनाइएको थियो। आकाशवाणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आलेको बिदाई तथा सम्मान समारोहमा साहित्यकार एंव कलाकारहरु उपस्थित भएर सम्मान जनाएका थिए। कार्यक्रममा विभिन्न वरिष्ठ साहित्यकार एंव कलाकारहरुद्वारा पारसचन्द्र आले विषयमा भनिएको विभिन्न उदगारहरु पनि भिडियो डिसप्ले गरेर देखाइएको थियो। पारसन्द्र आले 9 दिसम्बर 1993 सालमा आकाशवाणी खरसाङमा प्रसारण निष्पादकको रुपमा नियुक्त भएर आएका थिए भने लगभग ३१ वर्ष काम गरेर आकाशवाणी खरसाङको कार्यक्रम प्रमुखको पदबाट अवकाश भएका छन्।

****** ० *****

**ग्यास**

खरसाङ बजार क्षेत्रमा घरेलु ग्यासको अभाव साथै बिहान लामो लाइन लागेर ग्यास थाप्नु परेको जन अवस्था र मानिसहरुले भोग्नु परेको समस्याहरुलाई लिएर आज खरसाङ नगरपालिकाद्वारा ग्यास एजेन्सीहरुसित सभा गरेको छ। उक्त सभामा ग्यास उपभोक्ताहरुले खरसाङ बजारमा घरेलु ग्यासलाई लिएर भोग्न परिरहेको समस्याहरुसित चर्चा परिचर्चा गरेको छ। सभामा घरेलु ग्यासको समस्याहरु किन भयो र यसको समाधानको लागि के कसो गर्नु पर्ने भन्ने विषयमा चर्चा परिचर्चा गरिएको जानकारी प्राप्त भएको छ। उक्त सभापछि पत्रकारहरुसित कुराकानी गर्दै खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधानले अहिले खरसाङ बजार क्षेत्रमा देखा परेको घरेलु ग्यासको समस्या भईरहेको र यसको चाढै समाधान हुने आशा व्यक्त गर्नुभयो।

****** ० *****

**आवस योजना**

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर १ देखि वार्ड नम्बर २० सम्मका सरकारी आवस योजना अथवा हाउसिङ स्किममा व्यापक घोटला भएको भाजपाले आरोप लगाएका छन्। यस सम्बन्धमा विषय लिएर भाजपा युवा नेता सञ्जीव लामाले हाउसिङ स्किममा भएको घोटाला अनि अनियमिकताबारे एउटा भिडियो जारी गर्दै यसबारेमा जानकारी गराउँदै यस विषयलाई लिएर खरसाङ नगरपालिकाले चाँडै जाँच गरेर लाभार्थीहरूलाई योजना अन्तर्गत घर दिनु पर्ने अनुरोध गर्नुभयो।

****** ० *****

**प्रधानमन्त्री आवास**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटीद्वारा प्रधानमन्त्री आवास योजनाबारेमा लाभार्थीहरुलाई लिएर झट्टै सभा गरिदिने मांग गर्दै खरसाङ महकुमा शासकलाई ज्ञापन पत्र बुझाएका छन्। यस अवसरमा भागोप्रमो खरसाङ टाउन कमिटी, नारी शक्ति, महकुमा समिति प्रतिनिधि, नारी शक्ति महकुमा समितिको संयुक्त रूपमा खरसाङ महकुमा अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन्। उक्त ज्ञापन पत्रमा उल्लेख गरेका छन् कि खरसाङ नगरपालिकामार्फत् प्रधानमन्त्री आवास योजना (हाउजिग फर अल) का घरहरू निर्माण कार्यका कतिपय रकमहरू लाभार्थीहरूले समयमा नपाएको विषयलाई लिएर झट्टै पहल गरी सभा राखिदिने एवं सरकार समक्ष अवगत गराईदिने अनुरोध गरेको जानकारी प्राप्त भएको छ। उक्त विषयलाई लिएर खरसाङ नगरपालिका पक्षलाई पनि केही दिन अघि नै ज्ञापन पत्र चढाएर सभा पनि गरेको बताइएको छ। यसको साथै खरसाङ नगरपालिका उच्च अधिकारीहरूसंग उक्त प्रधानमन्त्री आवास योजना विषयलाईबलिएर भागोप्रमो पार्टी पक्षबाट पनि कलकत्ता जाने निधो गरिएको जानकारी टाउन कमिटि कार्यवाहक सचिव बीरबल पाख्रिनले जानकारी दिनुभयो।

****** ० *****

**तमु तोला ल्होछार**

गुरुङ समुदायहरुको प्रमुख पर्वको रूपमा मनाइने तमु तोला ल्होछार आज। यस अवसरमा दार्जिलिङ पहाडसगै तराई डुवर्स सिक्किम लगायतको विभिन्न क्षेत्रका गुरुङ समुदायहरुले यो पर्व हर्सोल्लासको साथमा मनाइदैछन। तमु ल्होछार अर्थात् पुष १५ गतेमा ल्हो फेरिने हुँदा गुरुङ समुदायले नयाँ वर्षको रूपमा पनि पालन गर्छन्। आजदेखि ल्हो फेरिएर सप्री ल्होको वर्ष आएको छ। यस अवसरमा अखिल भारतीय गुरुङ तमु बौद्ध सघठन खरसाङ महकुमा समिति सभापति आनन्द गुरुङले सबैलाई शुभकामना प्रकट गर्नुभयो भने यो पर्वले सम्पुर्ण गोर्खा समुदायमा भाइचाराको सन्देश दिनेमा जोड दिनुभयो। यसका साथै जीटीए कार्यपाल अनित थापा तथा गोरामुमो अद्यक्ष मन घिसिंगले शुभकामना दिनुभएको छ

****** ० *****

**सब जुनियर हकि**

दार्जिलिङ मोन्टेसरी हाउस अफ चिल्ड्रेनका विद्यार्थीहरु क्रमैले शौर्य ह्याङ सुब्बा र नवनीत राई भुपालमा हुने राष्ट्रिय विद्यालय सब जुनियर हकि प्रतियोगितामा छनोट भएका छन। उनीहरुले सेप्टेम्बर 2024 मा भएको छनोट ट्रायलमा सफलतापूर्वक भाग लिएपछि उनीहरूलाई पश्चिम बंगाल अन्डर-14 सब-जुनियर राष्ट्रिय हक्की टोलीको लागि छनोट गरिएको थियो। , खेलाडीहरू मध्ये नवनित राईले पुर्व भारतिय हकि खेलाडी भरत छेत्री बाट प्रेरित भएर गोलकिपरको रूपमा आफ्नो भुमिका निभाउने छन भने अर्को खेलाडी र शौर्य ह्याङ सुब्बाले फरवार्ड खेलाडीको भूमिका निर्वाह गर्नेछन्। यो उपलब्धि उनीहरुको कोच निशा गुरुङले दिएको कडा परिश्रम र सहयोगको प्रमाण हो।

****** ० *****

**ईसाई**

दार्जीलिङ पहाड़का ईसाई समुदायका विभिन्न संगठनहरूको सक्रियतामा सोमबार एक साझा मञ्च तयार पारियो। जसमा यूसीएमआई, दार्जीलिङ पास्टर्स फेलोशीप, आईसीएमओ तथा अन्य संगठनहरूका प्रतिनिधि सामेल रहेका छन्। दार्जीलिङ पहाड़का ईसाई समुदाय एकजुट हुनपर्ने जीटीएका मुख्य कार्यपाल अनित थापाको परामर्शलाई ध्यानमा राखेर नै यो ईसाई समुदायको साझा मञ्च तयार पारिएको रमेश साइमन गुरूङले जानकारी गराएका छन्।विभिन्न रंगारङ्ग कार्यक्रमहरुको साथमा Mr and Miss दार्जीलिङ सिजन 2 को फाईनल प्रतियोगिता हिज सम्पन्न गरियो।

**मि एण्ड मिसेस दार्जीलिङ**

प्रतियोगिताको निर्णायक हरुमा वरिष्ठ अधिवक्ता प्रणय राई फिल्म अभिनेत्री सतिका सुब्बा लगायत अन्यको उपस्थिति रहेको थियो।फाइनल प्रतियोगितामा १० जाना पुरुष अनि ८ जाना महिला प्रतियोगी मिलाएर जम्मा १८ जाना प्रतियोगीहरुले भाग लिएको थियो । बिजयी प्रतियोगीहरुलाई क्राउन मोमेन्टोका साथ विभिन्न उपहारहरुले सुशोभित गरिएको थियो। हामी प्रतियोगीहरुलाई हामी विभिन्न प्रलोभन हरु देखाएर वाचा गर्दैनौ एतर उनीहरुलाई मोडलिङ क्षेत्रमा अगाडि जानको निम्ति कदम चालिएको मात्रै हो आयोजक समितिको पक्षमा प्रीयंका ठटाल बताएका छन।

****** ० *****

**कालेबुङ**

कालेबुङको ११ माइलमा आगलागी भएको चौबीस घन्टा नबित्दै कालेबुङ १० माइल त्रिपाई फाटक नजिक हिजो रातको लगभग आठ बजेतिर भीषण आगलागी भएको घटना प्रकाशमा आएको छ भने आगलागीमा परि दुईवटा घर पुर्णतः खरानी भएको बताइएको छ। घटनाको खबर सुन्नसाथ अग्नि शमन विभागले घटनास्थल पुगी आगोलाई नियन्त्रण लिएको भएपनि दुईवटा घरलाई बचाउन सकिएन। अर्कोतिर नगर प्रशासक रबी प्रधानले घटना स्थलको स्थलगत भ्रमण गरि आवस्यक छानबिन शुरु गरिसकेको बताइएको छ।

****** ० *****

**सहयोग**

तक्दाह-टिस्टाभेल्ली क्षेत्रका गैरसरकारी संस्था जीवन ज्योति फाउण्डेसन द्वारा अप्पर लामाहट्टा निवासी मिर्गौला रोगी जयन्ती लेप्चा तामाङलाई रु० ३३ हजार सहयोग राशी हस्तान्तरण गरिएको फाउण्डेसनका सभापति विशाल गोलेले जानकारी दिएका छन्।

****** ० *****

**गाजलु ति आँखा**

आज दार्जीलिङ प्रेस गिल्डमा गाजलु ति आँखा म्युजिक भिडियोको बिमोचन गरियो। यस म्युजिक भिडियोका गायक सन्दिप सुब्बा रहेका छन भने रचनाकारमा जनकराज उपाध्य ,म्युजिक कम्पोजर ग्यान्जु शेर्पाको रहेको छ भने एरेन्ज मिक्सिङ्ग अनि मास्टरिङ सुरेन वर्मेको रहेको छ। सुर सर्मिला म्युजिक क्रीएसन दार्जीलिङमा रिकर्डिङ गरिएको यस म्युजिक भिडियोका अभिनय कलाकारहरु मा किरण अनि निशा रहेको छ।

****** ० *****

****** ० *****

****** ○ ******